# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### आईएमएफको दक्षिण एशियाली क्षेत्रिय तालिम तथा प्राविधिक सहयोग केन्द्र (SARTTAC) को उद्घाटन

यही फेब्रअरी १३, २०१७ का दिन भारतको नयाँ दिल्लीमा स्थापनामा भएको आईएमएफको दक्षिण एशियाली क्षेत्रिय तालिम तथा प्राविधिक सहयोग केन्द्र (SARTTAC) को उद्घाटन भयो । भारतका वित्त सचिब श्री शक्तिकान्त दासले गर्नु भएको उद्घाटनमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिबराज श्रेष्ठले पनि नेपालको तर्फबाट पानसमा बत्ती बालेर संयुक्त उद्घाटन गर्नु भयो । डेपुटी गभर्नर श्री श्रेष्ठ उक्त केन्द्रको नेपालको तर्फबाट Steering Committee को सदस्य



हुनुहुन्छ । भारत सरकार र आइएमएफको सक्रियतामा उक्त केन्द्र स्थापना भएको हो । उक्त केन्द्रको सदस्य राष्ट्रहरूमा भारतका अतिरिक्त नेपाल, बंगलादेश, भुटान, मालदिभ्स र श्रीलंका रहेका छन् । उक्त केन्द्रलाई नेपालले पनि २ मिलियन अमेरिकी डलर वित्तीय सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेको छ । यसका अतिरिक्त अष्ट्रेलिया, यूरोपियन यूनियन, दक्षिण कोरिया र संयूक्त अधिराज्यले पनि उक्त केन्द्रको संचालनको लागि वित्तीय सहयोग गरेका छन् । उक्त केन्द्रले ६ वटा सदस्य राष्ट्रहरूका आवश्यकता अनुसार तालिम कार्यक्रमहरू संचालन गर्ने भएको छ । तालिमसँगै एकिकृत ढंगबाट प्राविधिक सहयोग पुऱ्याउने कार्यक्रम पनि उक्त केन्द्रको रहेको छ । सबै सदस्य राष्ट्रहरूको तालिम तथा प्राविधिक सहयोगको आवश्यकता संकलन र पहिचान गरी उक्त केन्द्रले प्राथमिकताका आधारमा मार्च २०१७ देखि तालिम कार्यक्रमहरू संचालन गर्दैछ ।




उद्घाटन भएकै दिन बसेको Steering Committee को पहिलो बैठकमा नेपालको तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठले बोल्नु भएको थियो । अहिलेसम्म आइएमएफले नेपाललाई दिदै आएको तालिम र प्राविधिक सहयोगको लागि धन्यबाद दिदै डेपुटी गभर्नर श्री श्रेष्ठले नेपालदेखि नजिकै रहेको न्यू दिल्लीमा तालिम तथा प्राविधिक सहयोग केन्द्रको स्थापनाले नेपाल सहित दक्षिण एशियाली क्षेत्रको क्षमता विकासमा सहयोग पुग्ने धारणा व्यक्त गर्नु भयो । साथै, उहाँले उक्त केन्द्रको सहज सन्चालनको लागि नेपालले सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा भारत सरकारका वित्त सचिब श्री शक्तिकान्त दास, आइएमएफको डेपुटी म्यानिजिङ डाइरेक्टर श्रीमति Carla Grasso, लगायत आइएमएफका विभिन्न विभागका निर्देशक र अन्य अधिकृतहरूले पनि उक्त बैठकमा बोलेका थिए । सदस्य राष्ट्रहरूका आवश्यकता अनरूप स्रोतको अधिकतम परिचालन गरी दक्षता अभिवृद्धि गर्ने सम्बन्धमा उक्त बैठकमा छलफल गरी कार्यक्रमहरू तय भएका थिए । उक्त बैठकमा उक्त केन्द्रको Steering Committee मा नेपालको तर्फबाट बैकल्पिक सदस्यको रूपमा रहनु भएका अर्थ मन्त्रालयका सहसचिब श्री आनन्द राज ढकाल पनि सहभागी हुनु भएको थियो । डेपुटी गभर्नर श्री श्रेष्ठको साथ गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ पनि सहभागी हुनुभएको थियो ।

**२०७३ फागुन ४, बुधबार**

**गभर्नरको कार्यालय**